**नेपाल फाईनान्स लिमिटेडको**
**२८ औं बार्षिक साधारण सभाको**
**काम कारवाहीको विवरण**
**(माईन्युट)**

**१. सभाको वैधानिकता :**

नेपाल फाईनान्स लिमिटेडको मिति २०७८/०४/२९ शुक्रबार (१३ अगष्ट, २०२१) मा बसेको संचालक समितिको ३४५ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र नेपाल फाईनान्स लिमिटेडको प्रबन्धपत्र तथा नियमावली बमोजिम २८ औं बार्षिक साधारणसभा २०७८ साल श्रावण २६ गते शनिवार हुने निर्णय भई मिति २०७८/०४/३१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी पुनः मिति २०७८ भाद्र २० गतेका दिन अन्नपुर्ण पोस्ट् राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना समेत प्रकाशित गरी यस वित्तीय संस्थाको २८ औं वार्षिक साधारण सभा वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भै देहाय बमोजिम निर्णय गरियो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०७८ साल भाद्र २६ गते (तदनुसार ११ सेप्टेम्बर २०२१) शनिबार ।

स्थान : होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाडौ एवम् Webinar मार्फत समेत संचालन गरिने ।

समय : विहान ११:०० बजे ।

**३. सभाको सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको २८ औं बार्षिक साधारणसभाको सूचना तथा संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन एवं वित्तीय विवरण समेत शेयरधनीहरुले संस्थामा उपलब्ध गराएको ठेगानामा पठाइएको तथा संस्थाको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो । शेयरधनीहरुको सुबिधालाई ध्यानमा राखी संस्थाको वेभसाईट www.nepalfinancelimited.com.np बाट पनि जानकारी लिन सकिने व्यवस्था मिलाईएको थियो ।

**४. छलफलको विषयहरु :**

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परिक्षण प्रतिवेदन सहितको आ.ब.०७६/७७ को वासलात, २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

३. साविक ललितपुर फाईनान्स लिमिटेडको आ. ब. २०७५/०७६ र २०७६/०७७ को लेखापरिक्षण गर्न लेखा परिक्षण समितिको सिफारिस अनुसार संचालक समितिको निर्णय पश्चात् कम्पनी रजिष्ट्रारको कार्यालयको क्रमशः मिति २०७७/०३/१७ र २०७७/११/०२ पत्रानुसार श्री सन्जय चौधरी एण्ड

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathmandu
2049

एसोसियट्स (सि ए सन्जय चौधरी) नियुक्ति भएकोमा सो लाई अनुमोदन गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. साविक ललितपुर फाईनान्स लिमिटेडको आ. व. २०७४/०७५, २०७५/०७६, २०७६/०७७ को लेखापरिक्षण प्रतिवेदन सहितको उल्लेखित आर्थिक बर्षहरुको वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०७७/७८ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरिक्षक श्री एम. खनाल एण्ड कम्पनी (एफ सि ए महेश खनाल) पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।।

६. साविक ललितपुर फाईनान्स लिमिटेडको कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०७७/७८ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको २०७७ असोज १० गते सम्पन्न २०-२७ औं वार्षिक साधारण सभाको निर्णयानुसार १:१.७५ का दरले हकप्रद शेयर जारी गरी पूँजी बृद्धिगर्ने प्रस्ताव पारित भएकोमा सोहि साधारण सभाको निर्णयानुसार अन्य बैंक तथा वित्तीय संस्थासँग गाभ्ने,गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा दिइएको अख्तियार अनुसार संस्था प्राप्ति गर्ने कार्य बमोजिम ललितपुर फाइनान्स लि.लाई प्राप्ति गरिसकिएको र सो पश्चात् चुक्ता पूँजी रु. ४९,३४,९६,३२५/-(अक्षरेपी उन्नाचास करोड चौतिस लाख छ्यानब्बे हजार तिन सय पचिस मात्र) कायम हुन आएकोमा साविकको १:१.७५ का दरले हकप्रद शेयर जारी निर्णयलाई परिमार्जन गरी ललितपुर फाइनान्स लिमिटेड प्राप्ति पश्चात कायम भएको चुक्ता पूँजी ४९,३४,९६,३२५/-(अक्षरेपी उन्नाचास करोड चौतिस लाख छ्यानब्बे हजार तिन सय पचिस मात्र) बाट बृद्धि गरी रु. ८३,८९,४३,७५२.५० (अक्षरेपी त्रियासी करोड उनानब्बे लाख त्रिचालीस हजार सात सय बाउन्न रुपैया, पचास पैसा मात्र) पुर्‍याउन १:०.७० (एक कित्ता बराबर सुन्ना दशमलव सत्तरी कित्ता) को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. संस्थाको हकप्रद शेयर जारी गरे पश्चात प्रबन्धपत्र, नियमावलीमा कुनै संशोधन गर्नुपरेमा आवश्यकता अनुसार संसोधन गर्ने एवम् नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा शेयर सूचिकृत गर्ने सम्बन्धमा कुनै निर्देशन भएमा सोही बमोजिम आवश्यक संसोधन/परिमार्जन लगाएत कार्यहरुको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. संस्थाले अन्य बैंक तथा वित्तीय संस्थालाई गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने

सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ग. विविध ।

५. उपस्थिति :

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | प्रा.श्री हिरेन्द्रमान प्रधान | अध्यक्ष |
| २. | श्री चन्द्रकुमार राई | सञ्चालक |
| ३. | श्री दिप्रश शाक्य | सञ्चालक |
| ४. | श्री गजन प्रजापती | सञ्चालक |
| ५. | श्री लक्ष्मी महर्जन | सञ्चालक |
| ६. | श्री आनन्दकृष्ण बज्राचार्य | स्वतन्त्र सञ्चालक |

५.२ आमन्त्रित व्यक्तित्वहरु

| | | |
|---|---|---|
| १. | श्री कमलराज निरौला | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री वासु थपलिया | प्रभु क्यापिटल लि. |

५.३ वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | श्री उध्दवराज थपलिया |
| २. | कम्पनी सचिव | श्री बिष्णुप्रसाद गौतम |
| ३. | प्रबन्धक | श्री सागर प्रजापती |

५.४ शेयरधनीहरुको उपस्थिति

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | २७ जना |
| २ | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ७२ जना |
| ३ | Webinar मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ९ जना |

जम्मा उपस्थित संख्या: १०८ जना

जम्मा उपस्थित कित्ता: २६ लाख ४ हजार ६ सय ४० कित्ता

६. गणपुरक संख्या कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप।

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या "क" र "ख" समूह | ५,८८८ जना | १०८ जना | ५२.७८% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ४९,३४,९६३.२५ | जम्मा उपस्थित शेयर कित्ता: २६,०४,६४० | |

## ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम विशेष साधारणसभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा उल्लेख भएका शेयरधनीहरुमध्ये स्वयम् उपस्थित शेयरधनीको संख्या १६ जना, भर्च्युअलमा ९ जना र प्रोक्सी मार्फत ७२ जना गरी कुल ९७ जना शेयरधनीको २६,००,६१३ कित्ता बराबरको उपस्थिती रहको र उक्त उपस्थिति कुल शेयर कित्ता ४९,३४,९६३.२५ को ५२.७० प्रतिशत रहेकोले संस्थाको कम्पनी सचिवबाट साधारणसभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार तथा Webinar मार्फत संचालन भएको सभा वैधानिक भएको जानकारी गराई सभा वैधानिक भएको व्यहोरा समर्थनका लागि अनुरोध गरी सभामा उपस्थित शेयरधनीमहानुभावहरुले सभा वैधानिक भएको घोषणा गर्दै सभा अगाडी बढाउन अनुमती प्राप्त भयो ।

७.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यू बाट हुने कम्पनी सचिवले जानकारी गराउदै दिनको बिहान ११.०० बजे अध्यक्ष प्रा. श्री हिरेन्द्रमान प्रधान ज्यूको सभापतित्वमा संस्थाको २८ औं वार्षिक साधारणसभा शुरु गर्न कम्पनी सचिवलाई सभापतिज्यूबाट निर्देशन भयो ।

७.३ सभापति ज्यूको अनुमतिले सञ्चालक श्री दिप्रश शाक्यले स्वागत मन्तव्य दिनुभयो ।

## ८. प्रतिवेदनको प्रस्तुति

८.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०७६/०७७ को सञ्चालक समितिको तर्फबाट तयार पारिएको अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन साधारण सभा समक्ष राख्नुभयो ।

८.२ सभापतिज्यूको अनुमतिले संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यूले सभा समक्ष नेपाल फाईनान्स लिमिटेडको लेखापरिक्षण प्रतिवेदन सहितको आ.व.२०७६/०७७ र साविक ललितपुर फाईनान्स लिमिटेडको आ.व.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण, दायित्व तथा सम्पत्ति भएको हिसाव समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८.३ त्यसैगरी सभापतिज्यूको अनुमतिले कम्पनी सचिवले सभा समक्ष छलफल तथा निर्णयका लागि तयार पारि सूचना गरिएका साधारण तथा विशेष प्रस्तावहरुलाई छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो, साथै विविध अन्तर्गत छलफल तथा पारितका लागि कुनैपनि प्रस्तावहरु नरहेको समेत जानकारी गराउनु भयो ।

## ९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

९.१ साधारणसभामा निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप वार्षिक साधारण सभामा प्रस्तुत भएका साधारण र विशेष प्रस्ताव बारे छलफलका लागि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी

महानुभावहरु छलफलमा सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री ब्रह्मदेव शाक्य
२. श्री राजकाजी रंजित
३. श्री अमृतनाथ रेग्मी
४. श्री रोजकुमार श्रेष्ठ
५. श्री महेन्द्र बहादुर श्रेष्ठ
६. श्री शिव प्रसाद पौडेल
७. श्री चन्द्र नारायण श्रेष्ठ
८. श्री कृष्ण प्रसाद अधिकारी
९. श्री डमरु बल्लभ घिमिरे
१०. श्री नारायण सुन्दर श्रेष्ठ
११. श्री राम श्रेष्ठ

९.३ छलफलमा सहभागी मध्ये सभामा स्वयम् भई सुझाव राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री ब्रह्मदेव शाक्य
२. श्री राजकाजी रंजित
३. श्री कृष्ण प्रसाद अधिकारी
४. श्री नारायण सुन्दर श्रेष्ठ
५. श्री राम श्रेष्ठ

९.४ छलफलमा सहभागी मध्ये Webinar मार्फत सुझाव राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री अमृतनाथ रेग्मी
२. श्री रोजकुमार श्रेष्ठ
३. श्री महेन्द्र बहादुर श्रेष्ठ
४. श्री शिव प्रसाद पौडेल
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री डमरु बल्लभ घिमिरे

**१०. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनीहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यवाद तथा सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो ।

१ सर्वसाधारण शेयरधनी श्री ब्रह्मदेव शाक्य

समस्याग्रस्थ संस्थालाई पुर्नजिवित गरी असल कार्यको शुरुवात गर्नुभएकोमा संचालक समिति, व्यवस्थापन र कर्मचारीहरुलाई धन्यवाद, मुटु र कार्यको सहकार्य गरेर अगाडी बढ्नुस् सो को लागि

शुभकामना । साथै परिस्थिति र प्राविधिक मुख्य कुरा भएकोले कार्य गर्दा सोही अनुरुप सजगता अपनाई कार्य गर्नुहुन र पहिलेका संचालक र व्यवस्थापनका साथिहरुलाई बिग्रिएको कार्य अर्थात् खराब कर्जा असूलीको लागि सहयोग गर्नुहुन समेत अनुरोध गर्नुभयो ।

२. सर्वसाधारण शेयरधनी श्री राजकाजी रंजित
अहिलेका संचालक समितिका अध्यक्ष लगाएत टिमलाई धन्यवाद । सूचनाहरु समयमै प्रवाह गर्नुहुन । अबका दिनमा गरिने कर्जा लगानीलाई व्यवस्थित गरी असल कर्जामात्र हुनेगरी लगानी गर्नुहुन ।

३. सर्वसाधारण शेयरधनी श्री अमृतनाथ रेग्मी
बिग्रीएको संस्थालाई सुधारको बाटोमा लादैं गर्नुभएकोमा बधाई । अब राम्रो बनाउनको लागि समय लाग्छ, तसर्थ ख्याल गरेर राम्रो काम गरेर अगाडी बढ्नु हुन । करिब ४५ प्रतिशत कर्जा खराब रहेकोले सो कर्जालाई उठोनको लागि बिशेष ख्याल गर्नुहोला र सो लाई यती समयभित्र ५ प्रतिशतको सीमाभित्र ल्याउनेगरी कार्य भईरहेको छ भनी समय निर्धारण गरेको भए र सो जानकारी गराएको भए राम्रो हुन्थ्यो ।

४. सर्वसाधारण शेयरधनी श्री रोज कुमार श्रेष्ठ
हकप्रद निस्काशन पछि शेयर पूजीं पुग्यो भनेर चुप लागेर नबसौ राम्रो संस्थासंग अस्थित्व राखेर मर्जर र प्राप्तिमा समेत जानुपर्छ । संस्थामा जाँदा हाजिर गराउने कार्य हुन्छ, तर लेखपढ गर्न नसक्ने मान्छे भयो भने दुःख हुने र समय समेत खेर जाने भएकोले सो कार्य नगर्दा हुन्थ्यो । संस्थाको गत आर्थिक वर्षको संचालन मुनाफा कति रह्यो सो समेत अध्यक्षज्यूको प्रतिवेदनमा राख्दा राम्रो हुन्थ्यो ।

५. सर्वसाधारण शेयरधनी श्री महेन्द्र बहादुर श्रेष्ठ
नयाँ टिमले हाम्रो लगानी सुरक्षित गरिदिनु भएकोमा धन्यवाद । साविक ललितपुर फाईनान्सको लगनखेल शाखामा निक्षेप संकलनको लागि समुदायमा घुलमिल र भाषा जानेको कर्मचारी राख्दा संस्थाले योजना अनुरुप कार्य गर्न सक्दछ । साथै शेयरधनीलाई समेत निक्षेप संकलनको रणनीतिमा सहभागी गराउंदा बजारीकरणमा सहयोग पुग्दछ, त्यसैले उनीहरुसंग बेलाबेलामा अन्तरक्रिया कार्यक्रम पनि राख्दा राम्रो हुन्थ्यो । भर्चुअल सभा गर्दा बक्तालाई पालो दिंदा भर्चुअल बस्नेलाई पहिला बोल्न दिनुपर्थ्यो ।

६. सर्वसाधारण शेयरधनी श्री शिव प्रसाद पौडेल
डुबेको संस्थालाई बचाएर यहाँसम्म ल्याई पुर्याएकोमा बधाई तथा धन्यवाद । साथै आफूलाई बचाएर छोटो समयमा नै ललितपुर फाईनान्सलाई समेत लिन सफल भएकोमा पुनः धन्यवाद । निस्कृय कर्जालाई ५ प्रतिशत भन्दा कम ल्याउने गरी कार्य गर्नुहोस् । हकप्रद शेयर सक्दो चाँडो निस्काशन गर्ने गरी र समयमै साधारण सभा गर्न सफल हुनेगरी कार्य गर्नुहोस् शुभकामना ।

७. सर्वसाधारण शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ
४४ प्रतिशत जति खराब कर्जा रहेको पाईयो, यसलाई जतिसक्दो चाँडो ५ प्रतिशत तल ल्याउने गरी कार्य गर्नुहोस । संस्थालाई उठाएर यहाँसम्म ल्याउन सफल हुनु भएकोमा प्रमुख कार्यकारी अधिकृत र टिमलाई धन्यवाद । अबको २ वर्षमा उचित प्रतिफल दिने गरी कार्य गर्नुहुन ।

८. सर्वसाधारण शेयरधनी श्री डमरुवल्लभ घिमिरे

एकिकृत कारोबार पश्चात् साविक ललितपुर फाईनान्सको गत ३ आर्थिक बर्ष र नेपाल फाईनान्सको गत आर्थिक बर्षको साधारण सभा संचालन गर्न लागेकोमा धन्यवाद । आ. ब. २०७७/०७८ को साधारण सभा पौष भित्रै गर्न सफल हुनुहोस भन्ने कामना । संस्थाका अध्यक्ष लगाएत संचालक समिति, प्रमुख कार्यकारी अधिकृत राम्रो अनुभव भएका पाएका छौं, तसर्थ राम्रो हुन्छ भन्ने आशा लिएका छौं । खराब कर्जा असूली र नयाँ व्यवसाय बिस्तार गरी आगामी बर्षमा ५ प्रतिशत भएपनि नाफा दिन सफल हुनु होस् ।

९. सर्वसाधारण शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी

साधारण सभामा १ जना संचालक किन उपस्थित हुनु भएन, वर्षको १ पटक हुने साधारण सभामा जसरी पनि उपस्थित हुनुपर्ने । अध्यक्षज्यू धेरै अनुभवी र विभिन्न संस्थामा रहेर काम गरिसकेकोले उहांप्रति धेरै आशावादी रहेको छु । ललितपुर फाईनान्स गाभेकोमा धन्यवाद ।

१०. सर्वसाधारण शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ

सर्वप्रथम संस्थालाई यहांसम्म ल्याई पुर्याएकोमा धन्यवाद र शुभेच्छा । यस्तो समस्याग्रस्त संस्थालाई टिकाएर व्यवसाय बिस्तार गर्दै लैजानु नै ठूलो कुरा हो । अर्को साधारण सभा समयमै गर्न सकोस् । खराब कर्जा धेरै रहेको र नोक्सानीमा समेत रहेकोले १/२ बर्षमा नै नाफाको आशा गर्नुभन्दा पनि संस्थाले खराब कर्जा असूली गर्न सफल भई दिगो व्यवसाय गर्न सफल होस् भन्ने कामना गर्दछु ।

११. सर्वसाधारण शेयरधनी श्री राम श्रेष्ठ

सर्वप्रथम संस्थाका संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद । शेयरधनीको लाभांस बाँकीको विवरण पनि बार्षिक प्रतिवेदनमा राख्दा सबैजना सू-सुचित हुन सकिन्थ्यो ।

११. **छलफलका क्रममा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफ** छलफलका क्रममा शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझाव, जिज्ञासा, धारणा, मन्तव्य तथा प्रश्नहरुको जवाफ सभाका सभापति प्रा.श्री हिरेन्द्रमान प्रधान स्वयम्ले तथा उहांको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृत श्री उद्धवराज थपलिया ज्यूले साधारण सभा समक्ष दिनुभएको जवाफ निम्नानुसार छ :

क) **अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानः**

- छलफलका क्रममा आफ्नो अमुल्य सल्लाह एवम् सुझावहरुका लागि हृदयदेखि आभार प्रकट गर्दै आगामि दिनहरुमा समेत यस्तै सुझाव तथा मार्गदर्शनहरु निरन्तर प्राप्त भइरहने आशा व्यक्त गर्दछु ।
- हिजो लामो समयसम्म समस्यामा रहेको र लगानीकर्ताहरुको भविष्य समेत अन्यौल रहेको यस संस्थाको हालको अवस्थाले उज्वल भविष्यको संकेत गरिरहेको सकारात्मक सन्देशका रुपमा लिएका छौ । यसबाट वित्त बजारमा एउटा उदाहरणीय र स्थापित वित्तीय संस्था निर्माण गर्नको लागि नयाँ लगानीकर्ताहरुको संकल्प एवं प्रतिबद्धता रहेको कुरा प्रष्ट हुन्छ ।
- आ. ब. २०७७/०७८ को साधारण सभा सकेसम्म पौष भित्र नै गर्ने गरी कार्य अगाडी बढाईरहेको व्यहोरा जानकारी गराउंदछौं ।
- संस्थाले संस्थागत सुशासन र नीतिगत काम कारबाहीको सम्बन्धमा शुन्य सहनशिलता अपनाई कार्य गरेको र हिजो संस्थागत सुशासन कमजोर रहेका कारणले यो संस्था समस्याग्रस्त अवस्था

बाट गुज्रिनु परेको तितो यथार्थ हामी माझ रहेकोले नयाँ संचालक समिति संस्थागत सुशासनमा कटिबद्ध रहेको व्यहोरा म यो सम्मानित सभामा राख्न चाहन्छु ।

- यहाँहरुले भने जस्तै working together and grow together को सिद्धान्त अवलम्बन गरेर सबैलाई साथ लिएर नै अगाडी बढ्नेछौँ र प्रतिवेदनका बारेमा यहाँहरुबाट व्यक्त भएका सुझाव र सल्लाहलाई आत्मसात गर्दै यस्तै सकारात्मक सल्लाहको निरन्तरता अपेक्षा सहित धन्यवाद तथा आभार प्रकट गर्दछु ।

ख) प्रमुख कार्यकारी अधिकृत श्री उध्दवराज थपलिया:

- सर्वप्रथम यहाँहरुबाट प्राप्त भएका सकारात्मक सुझाव र सल्लाहका लागि हार्दिक आभार व्यक्त गर्दछु ।
- यहाँहरु सर्वजना बाट खराब कर्जाको विषयमा उठान गर्नुभएका जिज्ञासाको सम्बन्धमा खराब कर्जा असुलिको लागि कर्जा असुलीको एउटा छुट्टै विभाग नै खडा गरेर कार्य भईरहेको यहाँहरुलाई जानकारी गराउँदछौं । साथै संस्थाले यसै आर्थिक वर्षभित्र खराब कर्जाको अनुपात ५ प्रतिशतको सीमाभित्र ल्याउने गरी कार्य अगाडी बढाईरहेको समेत म यहाँहरुलाई जानकारी गराउँदछु ।
- यहाँहरुले राख्नु भएजस्तै आगामी बर्षदेखि उचित प्रतिफल दिने गरी व्यवस्थापनले कार्य गरिरहेको म यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।
- गत आ. व. को साधारण सभा पौष भित्रै गर्ने योजनाका साथ आन्तरिक लेखापरिक्षणको कार्यलाई प्राथमिकतामा राखि कार्य भईरहेको र यस सभाबाट बाह्य लेखापरिक्षक नियुक्तिको निर्णय हुँदासाथ लेखापरिक्षणको कार्यलाई अगाडी बढाईने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।
- १ जना संचालक नेपाल बाहिर रहनु भएकोले आजको साधारण सभामा उपस्थित हुन नसक्नु भएको हो । सो को लिखित जानकारी संचालक समितिका अध्यक्षलाई गराउनु भएको व्यहोरा समेत म यहाँहरुलाई जानकारी गराउँदछु ।
- बाँकी रहेको लाभांसको सम्बन्धमा कम्पनी ऐनमा उल्लेख भएको प्रावधान अनुरुप सार्वजनिक सूचना प्रकाशित गरी ३५ दिनको समय दिएर कुनैपनि शेयरधनीबाट लाभांसको दावी गर्न नआउनुभएकोले कम्पनी ऐनको व्यवस्था अनुसार शेयरधनी संरक्षण कोषमा दाखिला गरि सकिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।
- अन्त्यमा, यहाँहरुले गर्नुभएको बिश्वास, व्यवस्थापनलाई दिनु भएको शुभेच्छा प्रति व्यवस्थापन प्रमुखको हैसियतले हार्दिक आभार व्यक्त गर्दै उक्त शुभेच्छालाई आत्मसात गर्दै आगामी दिनहरुमा संस्थाको दिगो विकासको लागि कार्य गर्दै जाने प्रतिवद्धता समेत व्यक्त गर्दछु । साथै यहाँहरुबाट सदैव साथ, सहयोग र सल्लाह सुझावको अपेक्षा समेत गर्दछु ।

अब प्रस्तावित प्रस्तावहरु क्रमश: पारित गरि निर्णय गर्नेतर्फ सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।

१२. २८ औं बार्षिक साधारण सभाका निर्णयहरु

क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

- सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ. ब. २०७६/०७७ को संचालक समितिको बार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. लेखा परिक्षण प्रतिवेदन सहितको आ.व.०७६/७७ को वासलात, २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

- लेखा परिक्षण प्रतिवेदन सहितको आ.ब.०७६/७७ को वासलात, २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा-नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

३. साविक ललितपुर फाईनान्स लिमिटेडको आ. ब. २०७५/०७६ र २०७६/०७७ को लेखापरिक्षण गर्न लेखा परिक्षण समितिको सिफारिस अनुसार संचालक समितिको निर्णय पश्चात् कम्पनी रजिष्ट्रारको कार्यालयको क्रमशः मिति २०७७/०३/१७ र २०७७/११/०२ पत्रानुसार श्री सन्जय चौधरी एण्ड एसोसियट्स (सि ए सन्जय चौधरी) नियुक्ति भएकोमा सो लाई अनुमोदन गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

- सो सम्बन्धमा साविक ललितपुर फाईनान्स लिमिटेडको आ. ब. २०७५/०७६ को लागि लेखापरिक्षक नियुक्ति सम्बन्धमा संचालक समितिको मिति २०७६/११/१९ को बैठकले निर्णय गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखापरिक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/१७ को पत्रबाट श्री संजय चौधरी एण्ड एशोसियट्स (चार्टड एकाउन्टेण्ट श्री संजय कुमार चौधरी) लाई भ्याट बाहेक रु.२००,०००।०० (अक्षेरुपी दुई लाख मात्र) भुक्तानी दिनेगरी नियुक्त गरिएको साथै आ. ब. २०७६/०७७ को लागि लेखापरिक्षक नियुक्ति सम्बन्धमा सञ्चालक समितिको मिति २०७७/१०/१९ को बैठकले निर्णय गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखापरिक्षक नियुक्तिको लागि सिफारिस गरी पठाएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/११/०२ को पत्रबाट श्री संजय चौधरी एण्ड एशोसियट्स (चार्टड एकाउन्टेण्ट श्री संजय कुमार चौधरी) लाई भ्याट बाहेक रु.२४०,०००।०० (अक्षेरुपी दुई लाख चालिस हजार मात्र) दिनेगरी नियुक्त गरिएकोमा उक्त नियुक्तिलाई सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

४. साविक ललितपुर फाईनान्स लिमिटेडको आ. ब. २०७४/०७५, २०७५/०७६, २०७६/०७७, को लेखापरिक्षण प्रतिवेदन सहितको उल्लेखित आर्थिक बर्षहरुको वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

- साविक ललितपुर फाईनान्स लिमिटेडको लेखा परिक्षण प्रतिवेदन सहितको आ.ब.२०७४/०७५, २०७५/०७६ र ०७६/७७ को वासलात, उल्लेखित आर्थिक बर्षहरुको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (सलग्न अनुसूचीहरु सहित) स्वीकृत गरियोस् भनी सभापति

ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरिक्षक श्री एम. खनाल एण्ड कम्पनी (एफ सि ए महेश खनाल) पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

➢ आ.व. २०७७/७८ को लागि बाह्य लेखापरिक्षकको नियुक्तिका विषयमा छलफल हुंदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम समितिले "कम्पनीको लेखापरिक्षकको नियुक्तिका लागि संभावित लेखापरिक्षकहरुको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरि अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम संस्थाको लेखापरिक्षक समितिको सिफारिस अनुसार संचालक समितिको मिति २०७७/१०/१९ को बैठक नं. ३४५ बाट सिफारिस भई आए बमोजिम आ.व. २०७७/७८ को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री एम. खनाल एण्ड कम्पनी (एफ सि ए महेश खनाल) जो कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्ति गर्न योग्य देखिएको हुँदा निजलाई भ्याट बाहेक बार्षिक रु.२,५०,०००।०० (अक्षरुपी दुई लाख पचास हजार मात्र) पारिश्रमिक प्रदान गर्नेगरी संस्थाको बाह्य लेखापरिक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

६. साविक ललितपुर फाईनान्स लिमिटेडको कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०७७/७८ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

➢ साविक ललितपुर फाईनान्स लिमिटेडको आ.व. २०७७/७८ को लागि (एकिकृत कारोबार शुभारम्भ गर्नुभन्दा अघिल्लो दिनसम्मको) बाह्य लेखापरिक्षकको नियुक्तिका विषयमा छलफल हुंदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम समितिले "कम्पनीको लेखापरिक्षकको नियुक्तिका लागि संभावित लेखापरिक्षकहरुको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरि अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम संस्थाको लेखापरिक्षक समितिको सिफारिस अनुसार संचालक समितिको मिति २०७७/१०/१९ को बैठक नं. ३४५ बाट सिफारिस भई आए बमोजिम आ.व. २०७७/७८ को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री एस बुलांकोटी एण्ड एशोसियट्स चार्टड एकाउन्टेण्ट (सि ए सरोज बुलांकोटी) जो कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्ति गर्न योग्य देखिएको हुँदा निजलाई भ्याट बाहेक बार्षिक रु.१,५०,०००।०० (अक्षरुपी एक लाख पचास हजार मात्र) पारिश्रमिक प्रदान गर्नेगरी संस्थाको बाह्य लेखापरिक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको २०७७ असोज १० गते सम्पन्न २०-२७ औं बार्षिक साधारण सभाको निर्णयानुसार १:१.७५ का दरले हकप्रद शेयर जारी गरी पुँजी बृद्धिगर्ने प्रस्ताव पारित भएकोमा सोहि साधारण सभाको निर्णयानुसार अन्य बैंक तथा वित्तीय संस्थासँग गाभ्ने,गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा दिइएको अख्तियार अनुसार संस्था प्राप्ति गर्ने कार्य बमोजिम ललितपुर फाइनान्स लि.लाई प्राप्ति गरिसकिएको

र सो पश्चात् चुक्ता पूजी रु. ४९,३४,९६,३२५/-(अक्षरेपी उन्नाचास करोड चौतिस लाख छ्यानब्बे हजार तिन सय पचिस मात्र) कायम हुन आएकोमा साविकको १:१.७५ का दरले हकप्रद शेयर जारी निर्णयलाई परिमार्जन गरी ललितपुर फाइनान्स लिमिटेड प्राप्ति पश्चात कायम भएको चुक्ता पूंजी ४९,३४,९६,३२५/-(अक्षरेपी उन्नाचास करोड चौतिस लाख छ्यानब्बे हजार तिन सय पचिस मात्र) बाट बृद्धि गरी रु. ८३,८९,४३,७५२.५० (अक्षरेपी त्रियासी करोड उनानब्बे लाख त्रिचालीस हजार सात सय बाउन्न रुपैया, पचास पैसा मात्र) पुऱ्याउन १:०.७० (एक कित्ता बराबर सुन्ना दशमलव सत्तरी कित्ता) को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

- सो सम्बन्धमा संस्थाको २०७७ असोज १० गते सम्पन्न २०-२७ औं बार्षिक साधारण सभाको निर्णयानुसार १:१.७५ का दरले हकप्रद शेयर जारी गरी पूंजी बृद्धिगर्ने प्रस्ताव पारित भएकोमा हाल यस संस्थाले साविकको ललितपुर फाईनान्सलाई प्राप्ति गरी एकिकृत कारोबार सम्पन्न भईसकेको अवस्थामा साविकको १:१.७५ का दरले हकप्रद शेयर जारी निर्णयलाई परिमार्जन गरी ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति पश्चात कायम भएको चुक्ता पूंजी ४९,३४,९६,३२५/-(अक्षरेपी उन्नाचास करोड चौतिस लाख छ्यानब्बे हजार तिन सय पचिस मात्र) बाट बृद्धि गरी रु. ८३,८९,४३,७५२.५० (अक्षरेपी त्रियासी करोड उनानब्बे लाख त्रिचालीस हजार सात सय बाउन्न रुपैया, पचास पैसा मात्र) पुऱ्याउन १:०.७० (एक कित्ता बराबर सुन्ना दशमलव सत्तरी कित्ता) को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पेश भएकोमा उक्त प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

२. संस्थाको हकप्रद शेयर जारी गरे पश्चात प्रवन्धपत्र, नियमावलीमा कुनै संशोधन गर्नुपरेमा आवश्यकता अनुसार ससोधन गर्ने एवम् नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा शेयर सूचिकृत गर्ने सम्बन्धमा कुनै निर्देशन भएमा सोही बमोजिम आवश्यक ससोधन/परिमार्जन लगाएत कार्यहरुको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

- संस्थाको हकप्रद शेयर जारी गरे पश्चात प्रवन्धपत्र, नियमावलीमा कुनै संशोधन गर्नुपरेमा आवश्यकता अनुसार संसोधन गर्ने एवम् नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा शेयर सूचिकृत गर्ने सम्बन्धमा कुनै निर्देशन भएमा सोही बमोजिम आवश्यक ससोधन/परिमार्जन लगाएत कार्यहरुको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३. संस्थाले अन्य बैंक तथा वित्तीय संस्थालाई गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

- नेपाल फाइनान्स लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्थालाई गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने

सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

- नेपाल फाईनान्स लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्थालाई गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

ग. विविध ।

विविध अर्न्तगत छलफल गर्नुपर्ने अन्य विषय नभएकोले वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनुपर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

घ. **धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि साधारण सभाका सभापति एवं वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान ज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, अतिथिहरु, पत्रकार बन्धुहरु, संस्थालाई सधैं सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, अन्य नियमनकरी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नुभयो । साथै संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारीवर्गलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

ङ. **सभा विसर्जन**

सभापतिज्यूले सभा सन्चालन गर्न उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि पुनःधन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिउसो १:३५ बजे सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| ............ | Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049 | ............ |
| विष्णु प्रसाद गौतम | | प्रा.श्री हिरेन्द्रमान प्रधान |
| कम्पनी सचिव | | अध्यक्ष |